# शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति: २०८२/०७/१७ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.न २३५९ मिति:२०८१/११/०५ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरुमध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको च.न ६७३ मिति: २०८२/०६/०५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दी मा रहेका साल, असना, जामुन, कर्मा, पानन, धौंटी, कुसुम, बर्रो, दवदवे, काली, भिंगट, खयर जातका कुल जम्मा गोलिया थान १३६३ को ९१०७.८२ क्यू.फिट काठ, साल जातको ४ चट्टा दाउरा र अन्य जातको १९ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो दोस्रो पटक सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र १६ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

## श्री लालीगुरास सामुदायिक वन उपभोक्ता समूह

राप्तीसोनारी-०२, बाँके